**तस्रो गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री मञ्जु के.सी.ले पेश गर्नु भएको आगामी आर्थिक वर्ष २०७५/७६ को समग्र आय, ब्यय विवरण बजेट तथा कार्यक्रमहरु**

गाउँसभा अध्यक्ष ज्यू,

गाउँ सभाका सदस्य

(वडा अध्यक्ष, गाउँकार्यापालिकाका सदस्य र वडाका सम्पूर्ण सदस्यज्यूहरु ।

यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु, यस शिवपुरी गाउँको सम्बृद्धि र विकासमा चाँसो र सरोकार राख्नहुने *संचारमाध्यमबाट प्रत्यक्ष श्रवण गरिरहनुभएका* राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु, समाजसेवी, मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, उद्योग ब्यवसायी, बुद्धिजिवी, संचारकर्मी तथा आम गाउँबासीहरु समक्ष गाउँपालिकाको तेश्रोसम्मानित गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५/७६ को समग्र आय, ब्यय विवरण बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

तेश्रो सम्मानित गाउँसभाबाट गाउँपालिकाको दीर्घकालीन सोंच "शिवपुरी समृद्धि र विकासको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" भन्ने मूल ध्येय तथा "सहभागितामूलक दिगो विकासको माध्यमबाट शिवपुरीगाउँवासीमा सम्बृद्धी ल्याउने" उद्धेश्यलाई ब्यवहारमा उतार्न विभिन्न चरणको सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी आगामी आर्थिक वर्ष २०७५/७६ को गाउँ पालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाको तर्फबाट गाउँपालिका उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट, कार्यक्रम प्रस्तुत गर्ने अवशर प्राप्त भएकोमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

विगतको केन्द्रीकृत शासन सञ्चालनबाट नयाँ संविधान र स्थानीय, संघ र प्रदेश तहको निर्बाचन पश्चात स्थानीय सरकार सञ्चालनको अभ्यास संगै सम्बृद्ध गाउपालिका विकास गर्नु आजको आवश्यकता रहेको छ । सीमिति स्रोत साधनको कुशल ब्यवस्थापन, छोटो अवधिको सिकाई भोगाई बाट आगामी दिनमा नतिजामा आधारित उपलब्धी मुलक योजना निर्माण र प्रभावकारी कार्यान्वयबाट मात्र सम्बृद्धि हासिल हुने विश्वास गर्न सकिन्छ ।

**यस सभाका सदस्यज्यूहरु,**

अव म माथि उल्लेखित नीतिहरुको आधारमा यस गाउँपालिकाको चालु आ.व. को अनुमानित कूल बजेट मध्ये ब्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालु आ ब २०७४/०७५ को  अनुमानित बजेट ३३,३१,४०,०००। ( ३३ करोड ३१ लाख ४० हजार ) मध्ये

आषाढ मसान्त सम्मको अनुमानित बचत रकम रु ३,३०,००,०००। (३ करोड ३० लाख रुपैया) बचत हुन जाने अनुमान गरिएको छ ।

**आ.व. २०७४।७५ को अनुमानित ब्यय सम्बन्धी विवरण**

रु हजारमा

| **सि.नं.** | **बजेट शिर्षक** | **जम्मा** | **चालु आ. २०७४।७५ को अनुमानित खर्च** | **बचत अनुमान आषाढ मसान्त सम्म रु हजारमा** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | *१ क. आन्तरिक श्रोत- कर , दस्तुर, शुल्क आदि* | ४७०० | ० | २००० | |
| २ | ख.आन्तरीक श्रोत - राजस्व बाँडफाँडबाट आय | २००० | ० | ० | |
| ३ | *अन्य आय –गतबर्षको मौज्दात* | ७५०० | ७५०० | ० | पदाधिकारी भत्ता, सूविधा भूक्तानी बाकी |
| ४ | *नेपाल सरकारबाढ वित्तिय समानीकरण अनूदान* | १५६००० | १३३००० | ३१००० | भूक्तानी बाकी |
| ५ | *नेपाल सरकारबाढ शशर्त अनूदान* | १००७१३ | १००७१३ | ० | |
| ६ | *सामाजिक सूरक्षा भत्ता* | ५०००० | ५१८५९ | ० | |
| ७ | *कृषि विकास कार्यक्रम* | ४२२७ | ० | ० | |
| ८ | *जनसहभागिता श्रम तथा बस्तूगत* | | | ० | |

| | |
|---|---|
| *पूजिगत खर्च प्रतिशत* | *४०।००* |

| | | | | | |
|---|---|---|---|---|---|
| | *सामाजिक परिचालक* | | ५६८ | | ४२५ भूक्तानी बाँकी |
| | *सूचना प्रविधि* | | १०६० | ० | |
| | ***कुल जम्मा*** | *३३३१४०* | | *३३०००* | |

| | |
|---|---|
| *चालू खर्च प्रतिशत* | *६०।००* |

आगामी आ.व. २०७५/७६ को लागि कुल बजेट देहाय बमोजिम विनियोजन प्रस्ताव गरिएको छ।

- कूल बजेट रु.४५,००,८१,०००।- (पैतालीस करोड एकासी हजार रुपैया),
- कूल आय रकम रु.४५,००,८१,०००।- (पैतालीस करोड एकासी हजार रुपैया),
- पुजिगत तर्फ रु.*१८,८१,९०,०००* (अठार करोड एकासी लाख नब्बे हजार)४१.०९ प्रतिशत,
- कार्यक्रमगत र चालु तर्फ रु.*२६,१८,९१,०००*- (छब्बीस करोड अठार लाख एकानब्बे हजार ) ५८.१८ प्रतिशत रहेको छ।

आगामी आ.व. २०७५/७६ को लागि **राजस्व तथा अनुदान प्रासिको** अनुमानित आय सम्बन्धी विवरण

रु. हजारमा

| शीर्षक | | शीर्षकगत | आ.व. 2075/76 को लक्ष्य |
|---|---|---|---|
| **राजस्वः** | | | |
| | **आन्तरिक राजस्वः** | | २०९११ |
| | **राजस्व बाँडफाँडः** | | ८६२८५ |
| | राजस्व बाँडफाँड प्रासि (+) | ५५४२४ | |
| | ढुंगा, गिटी, बालुवा आदिको रोयल्टी बाँडफाँड (जिसस) | १६०५४ | |
| | सवारी साधन कर बापत राजस्व बाँडफाँड प्रासि | १४८०७ | |
| | **अन्य आयः** | | ३३००० |
| | गत वर्षको नगद मौज्दात | २५००० | |

| | | | |
|---|---|---|---|
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | २७६९०० |
| | वित्तीय समानीकरण अनुदान | ७५७०० | |
| | सशर्त अनुदान | १४१२०० | |
| | *सामाजिक सुरक्षा भत्ता* | ६०००० | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | २८९८५ |
| | वित्तीय समानीकरण अनुदान | ७७१२ | |
| | सशर्त अनुदान | २१२७३ | |
| **जनसहभागिताः** | | | ४००० |
| | नगद सहभागिता | ४००० | |
| **कूल जम्मा** | | | ४५००८१ |

चालु तर्फको रकम कर्मचारी तलब, पदाधिकारीहरुको सुविधा, भत्ता, सेवा निबृत्त सुविधा, कार्यालय सञ्चालन लगायत शिर्षकमा रु ३ करोड ७० लाख विनियोजन गरीएको छ। शिक्षा, कृषि, पशु, महिला विकास आदि विषयगत निकायको शसर्त अनुदान रु १४ करोड १२ लाख रुपैया विनियोजन गरिएको छ। साथै सामाजिक सुरक्षा भत्ता रु ६ करोड र कार्यक्रम खर्च समेत चालु खर्च जम्मा रु २६ करोड १८ लाख रकम विनियोजन प्रस्ताव गरिएको छ।

**पुजिगत तर्फ जम्मा रु** रु.*१८,८१,९०,०००* (अठार करोड एकासी लाख नब्बे हजार) विनियोजन गरिएको छ। कुल पुजिगत तर्फ छुट्याईएकोमा प्रत्येक वडामा करिव ८८ लाख रुपैया नघट्ने गरी जनसंख्या भूगोल सूगमता एवं विकटता सुचकको आधारमा १ करो८ २४ लाख सम्म वडाबाटनै विनियोजन हूने गरी पुर्वाधार तर्फका आयोजना निर्माणका लागि साथै रु ४० लाख रुपैया प्रत्येक वडामा वडा गौरभको एउटा एउटा पुर्वाधार निर्माणको आयोजना सन्चालनको लागि थप रकम जम्मा रु ३ करोड ४० लाख विनियोजन गरिएको छ । गाउपालिका तथा वडा कार्यालय भवन निर्माण को लागि १ करोड, ६० लाख, र स्थानीय आवश्यकतामा आधारित सहलगानीमा पूर्वाधार निर्माण लगायतका आयोजना सन्चालनको लागि म्याचिङ फण्ड १ करोड ४० लाख करिब प्रस्ताव गरिएको छ। कृषि क्षेत्रलाई प्राथमिकता दिई कृषि तथा पशु विकास कार्यक्रमको लागि गाउपालिकाबाट सशर्त अनुदान बाहेक थप ८५ लाख रुपैया विनियोजन गरिएको छ।

आ.व. **२०७५।७६** मा विभिन्न विषयगत क्षेत्रका आयोजनाहरु मध्ये शिवपुरी कृषि रिङरोड निर्माण रु २५ लाख, कृषि पर्यटन गारेटो बाटो ट्रेकिङ रुट निर्माण लगायत शिक्षा, खानेपानी, सिंचाई, विद्युतिकरण, आर्थिक, सामाजिक भौतिक पुर्वाधार निर्माणको लागि आवश्यक रकम विनियोजन गरिएको छ।

लक्षित समुह विकास कार्यक्रम तर्फ बालबालिका, महिला र उपेक्षित बर्गको कार्यक्रमहरुको लागि समेत रकम विनियोजन गरिएको छ। त्यसैगरी वातावरण व्यवस्थापन, विपद, सामाजिक, धार्मिक पर्यटकीय तथा पुरातात्विक महत्वका स्थलहरुको संरक्षण, धार्मिक, संस्कृति जगर्ना सुधार कार्यक्रम, मरन पार्टी, दाहसंस्कार स्थल सुधारको लागि समेत रकम विनियोजन गरिएको छ।

गाउँपालिका भित्र खेलकुद प्रवर्द्धन गर्न शिवपुरी रंगशाला निर्माण रु २० लाख विनियोजन गरीएको छ। शिवपुरी ऐतिहाँसिक, धार्मिक महत्व झल्किने स्मारक पार्क निर्माण, वन, जलाधार, वातावरण सम्बर्द्धन क्षेत्रमा आवश्यक रकम विनियोजन गरिएको छ ।

त्यसैगरी न्यायिक समिति प्रवर्द्धन, उद्योग प्रबर्द्धन, सिनो बेवारिसे लास व्यवस्थापन, बजार व्यवस्थापन, साँस्कृतिक, पुरातात्विक सम्पदा संरक्षण, जनसंख्या व्यवस्थापन, व्यक्तिगत घटना दर्ता प्रबर्द्धन, आबधिक गाउँपालिका योजना निर्माण लगायतका प्रबर्द्धनात्मक कार्यक्रमहरुको लागि समेत आवश्यक रकम विनियोजन गरिएको छ ।

विभिन्न कोष व्यवस्थापन अन्गार्तत मर्मत सम्भार, दैवि प्रकोप व्यवस्थापन, महिला तथा बालबालिका विकास, स्वास्थ्य सामुदायिक, गरिवि निबारण तथा सामाजिक परिचालन विशेष कोष सञ्चालन लैङ्गिक समानता तथा सामाजिक शशक्तिकरण तथा शहरी गरिबी न्यूनीकरण लगायत अन्य कार्यक्रमहरु सञ्चालनका लागि रु समेत आवश्यक रकम विनियोजन गरिएको छ ।

अन्तमा, शिवपुरी गाउँपालिकाको तेश्रो सम्मानित गाउँसभाबाट आ.व २०७५/७६ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा सभाका सदस्यज्यूहरु सम्पूर्ण महानुभावहरु, गाउँबासी महानुभावहरु प्रति कृतज्ञता सहित आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

मञ्जु के.सी.

उपाध्यक्ष

मिति : २०७५/०३/१०